# 2025/26

# अब इन्फ्लुएन्जा खोप लगाउने समय आएको छ।

**इन्फ्लुएन्जासँग सम्बन्धित जटिलताहरू र मृत्युलाई कम गर्न कुनै ज्ञात प्रतिकूल प्रभाव भएका व्यक्तिहरू बाहेक 6 महिना वा सोभन्दा माथिका सबै व्यक्तिहरूलाई वार्षिक रूपमा मौसमी इन्फ्लुएन्जा खोप लगाउन सिफारिस गरिन्छ।**

## उच्च जोखिममा रहेका व्यक्तिहरूले निःशुल्क वा अनुदान–सहितको मौसमी इन्फ्लुएन्जा खोप कहाँ लगाउन सक्छन्?



### 50 वर्ष वा सोभन्दा माथि

- सर्वसाधारण:
  - ☑ पारिवारिक चिकित्सकहरू
  - ☑ जिल्ला स्वास्थ्य केन्द्रहरू (DHCs)
- दीर्घरोग सम्बन्धि बिमारी भएका व्यक्तिहरू:
  - ☑ नियमित फलो-अप सेवा दिने सार्वजनिक वा निजी क्लिनिकहरू



### गर्भवती महिला

- ☑ पारिवारिक चिकित्सकहरू
- ☑ सार्वजनिक वा निजी अन्टिनाटल (गर्भ-जाँच गर्ने) क्लिनिकहरू



### 18 देखि 49 वर्षसम्म

- दीर्घरोग सम्बन्धि बिमारी भएका व्यक्तिहरू: / बौद्धिक वा शारीरिक अपांगता भएका योग्य व्यक्ति:
  - ☑ पारिवारिक चिकित्सकहरू
  - ☑ जिल्ला स्वास्थ्य केन्द्रहरू (DHCs)
  - ☑ नियमित फलो-अप सेवा दिने सार्वजनिक वा निजी क्लिनिकहरू



### 2 वर्षदेखि 18 वर्ष मुनि

- बालबालिका (सामान्य):
  - ☑ पारिवारिक चिकित्सकहरू
  - ☑ मौसमी इन्फ्लुएन्जा खोप स्कूल पहुँच (आउटरिच) कार्यक्रम
- दीर्घरोग सम्बन्धि बिमारी भएका बालबालिका:
  - ☑ नियमित फलो-अप सेवा दिने सार्वजनिक वा निजी क्लिनिकहरू



### 6 महिनादेखि 2 वर्ष मुनि

- ☑ पारिवारिक चिकित्सकहरू
- ☑ मातृ तथा बाल स्वास्थ्य केन्द्रहरू (MCHCs)

टिप्पणीहरू/कैफियतहरु:

[1] अन्य व्यक्ति, जस्तै आवासीय हेरचाह गृहका बासिन्दा, अस्पताल प्राधिकरणका लामो समयदेखि बसोबास गर्ने बिरामी, स्वास्थ्य सेवा कर्मचारी (स्वास्थ्यकर्मी), कुखुरापालन व्यवसायमा काम गर्ने व्यक्ति, सुँगुर पालक तथा सुँगुर मासु उद्योगका कर्मचारीहरूले पनि आफ्ना सम्बन्धित निकायमार्फत मौसमी इन्फ्लुएन्जा खोप लगाउन सक्छन्।

[2] खोप अनुदान योजना अन्तर्गत सामेल भयका पारिवारिक चिकित्सक वा निजी क्लिनिकहरूको सूचीको लागि कृपया यहाँ जानुहोस्: https://apps.hcv.gov.hk/Public/en/SPS/Search.

[3] मौसमी इन्फ्लुएन्जा खोप प्रदान गर्ने DHCs हरूको सूचीको लागि कृपया यहाँ जानुहोस्: https://www.dhc.gov.hk/en/siv.html.

[4] निःशुल्क वा अनुदान–सहितको मौसमी इन्फ्लुएन्जा खोपका लागि योग्य दीर्घरोगहरूको सूचीको लागि कृपया यहाँ जानुहोस्: https://www.chp.gov.hk/en/features/46393.html.

[5] बौद्धिक वा अन्य प्रकारको अपांगता भएका योग्य व्यक्तिहरूमा अपांगता प्रमाणपत्र (बौद्धिक अपांगता वा मानसिक कमजोरी उल्लेख भएको) भएका, दर्ता भयका चिकित्सकबाट वा निर्दिष्ट संस्थाबाट प्रमाणपत्र प्राप्त गरेका, अपांगता भत्ता पाउने, र CSSA योजनाअन्तर्गत "100% अपांग" वा "निरन्तर हेरचाह आवश्यक" दरमा पाउने व्यक्तिहरू समावेश छन्।

[6] 6 महिनादेखि 2 वर्ष मुनिका बालबालिकाका अभिभावकहरूले https://booking.covidvaccine.gov.hk/forms/sivfhs/index.jsp मार्फत MCHC मा आफ्ना बालबालिकाको लागि खोपको अपोइन्टमेन्ट बुक गर्न सक्छन्।

यदि अंग्रेजी र अनुवादित संस्करणबीच कुनै असंगति वा अस्पष्टता भएमा, अंग्रेजी संस्करण नै प्रमाणिक वा लागु हुनेछ।

**# 18 वर्ष वा सोभन्दा माथिका व्यक्तिले eHealth मा दर्ता गर्न अनिवार्य छ।**

疫苗接種計劃

Vaccination Schemes

查詢 Enquiry | 2125 2125


衞生防護中心
Centre for Health Protection

衞生署
Department of Health